# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

प.सं. : ०७७/०७८
च.नं : 9892

(१ नं. प्रदेश), नेपाल
मिति : २०७७।११।०२

विषय : बेरोजगारको फाराम भराउने सम्बन्धमा ।

**श्री सबै (बाऱ्ह वटै) वडा कार्यालयहरु,**
**सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत् सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ. ब. २०७८।०७९ मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने व्यक्तिहरुको निवेदन तोकिएको ढाँचामा संकलन गरि **बेरोजगार सूची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६** को बुँदा ४ बमोजिम छानविन गरी सोही मार्गदर्शनको बुँदा ५ बमोजिम सिफारिस गरी मिति २०७७।१२।०७ गते भित्र यस नगरपालिकामा उपलब्ध गराउनु हुन यसै पत्र मार्फत् जानकारी गराइन्छ ।

द्रष्टव्य :

- बेरोजगार दर्ता सम्बन्धी सूचना यसै पत्र साथ संलग्न छ ।
- संलग्न सूचना वडा कार्यालय, वडास्थित विद्यालयहरु र सार्वजनिक स्थलहरुमा समेत टाँस गरि सबै वडावासीहरुले सूचना पाउने व्यवस्थाको सुनिश्चितताका लागि अनुरोध छ ।

**पुनश्च:** *माग भएका सम्पूर्ण विवरणहरु उपलब्ध गराउनु आवेदकको दायित्व हो, त्यसैले सबै सरोकारवालाहरुले वडा कार्यालयमा आई तोकेको समयभित्र विवरण अद्यावधिक गराउनु होला । अन्यथा विवरण पूर्ण नभएका आवेदकलाई बेरोजगारको सूचीमा समावेस गरी रोजगारी उपलब्ध गराउन समेत नसकिने व्यहोरा जानकारी गराइन्छ ।*

..............................
निमित्त प्रमुख प्रशासकीय अधिकृत

सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

प.सं. : ०७७/०७८
च.नं :

(१ नं. प्रदेश), नेपाल
मिति :२०७७।११।०२

## सिद्धिचरण नगरपालिकाको न्यूनतम रोजगारीमा संलग्न हुनको लागी निबेदन दिने बारेको सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ (दोश्रो संशोधन) को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आ. ब. २०७८।०७९ मा यस स्थानीय मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई ***सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक*** बेरोजगार व्यक्तिहरुले २०७७ फागुन महिनामा आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन तपशिलमा उल्लेखित विवरणहरु समेत संलग्न राखी निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np र सिद्धिचरण नगरपालिकाको वेवसाइट www. siddhicharanmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

तपशिल :

१. निवेदन फाराम सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ ।
२. निवेदन फाराममा माग भएका (अनुसूची १ मा उल्लेखित बुँदा १ देखी बुँदा २२ सम्मका) सम्पूर्ण विवरणहरु स्पष्ट रुप *(प्रत्येक बुँदामा माग भएका विवरण भएमा स्पष्ट बुझिने गरी लेख्ने र नभएमा × चिन्ह दिने)* मा उल्लेख गर्नु पर्नेछ ।
३. सबै आवेदकहरुले एक प्रती नेपाली नागरिकता प्रमाण पत्रको स्पष्ट बुझिने खालको प्रतिलिपि र एक प्रती हालसालै खिचिएको पासपोर्ट साइजको फोटो अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।
४. माग भएका सम्पूर्ण विवरण र कागजात संलग्न नभएका निवेदनलाई बेरोजगारको सूचीमा सूचीकृत गराउन सकिने छैन ।
५. निवेदन फाराममा माग भएका विवरणहरु यथार्थ रुपमा उल्लेख गरि निवेदकहरुले फारामको अन्त्यमा सहि र ल्याप्चे गर्नु पर्नेछ ।

..................

निमित्त प्रमुख प्रशासकीय अधिकृत